सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हक सम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिम सार्वजनिक गरिएको विवरण

# आ.व. २०८२/०८३ को माघ देखि चैत्र महिनासम्म सम्पादन गरिएको कार्यहरुको त्रैमासिक विवरण

## स्वत: प्रकाशन

## (Proactive Disclosures)




नेपाल सरकार

अर्थ मन्त्रालय

महालेखा नियन्त्रक कार्यालय

## कोष तथा लेखा नियन्त्रक कार्यालय

वीरेन्द्रनगर, सुर्खेत

**नेपालको संविधानको धारा २७ मा रहेको नागरिकको सूचनाको हकको भावना बमोजिम सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५ र सूचनाको हकसम्बन्धी नियमावली, २०६४ मा प्रत्येक सार्वजनिक निकायले आफ्ना गतिविधिहरुको विवरण ३।३ महिनामा प्रकाशित गर्नु पर्ने कानूनी व्यवस्था छ। सोही बमोजिम यस कार्यालयबाट सम्पादन भएका २०८२ माघ देखि चैत्र महिनासम्मको त्रैमासिक विवरण प्रकाशन गरिएको छ।**

## १. कार्यालयको परिचयः

जिल्लास्थित सरकारी कार्यालयहरुको स्वीकृत वार्षिक बजेट बमोजिम संचित कोषबाट रकम निकासा दिने, आन्तरिक लेखा परिक्षण गर्ने, जिल्लाको विनियोजन, राजश्व तथा धरौटीको एकिकृत विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालयमा पेश गर्ने उद्देश्यले विक्रम् सम्वत २०३८ मा नेपालभर महालेखा नियन्त्रक कार्यालय मातहत कोष तथा लेखा नियन्त्रक कार्यालयहरुको स्थापना हुने क्रममा सुर्खेत जिल्लामा यस कार्यालयको स्थापना भएको हो।यस कार्यालयले सुर्खेत जिल्लाका संघीय कार्यालयलाई ती कार्यालयहरुको स्वीकृत वार्षिक बजेटको परिधि भित्र रहेर भुक्तानी निकासा दिने, जिल्लास्थित प्रदेश लेखा नियन्त्रक कार्यालय मार्फत कर्णाली प्रदेश सरकार र सुर्खेतका नौ वटा स्थानीय तहहरुलाई संघीय सरकारको अनुदानहरु हस्तान्तरण गर्ने ,जिल्लास्थित संघीय कार्यालयहरुको आन्तरिक लेखापरीक्षण गर्ने, कार्यालयहरुको बार्षिक तलवी प्रतिवेदन पास गर्ने साथै निवृत्तिभरण अधिकारपत्र सम्वन्धी तोकिएका कामहरु सम्पादन गरी सोको कानून बमोजिम आवधिक प्रतिवेदनहरु गर्ने गरेको छ ।

## २. काम, कर्तव्य र अधिकारः

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ र महालेखा नियन्त्रक कार्यालयबाट तोकिए अनुसार यस कार्यालयको काम कर्तब्य देहाय अनुसार रहेका छन् ।


- ✓ महालेखा नियन्त्रक कार्यालयको प्रतिनिधिको रुपमा जिल्लास्थित कार्यालयको आर्थिक कारोबारोको रेखदेख निरीक्षण तथा गर्ने र प्रचलित कानूनको अधीनमा रही राय दिने,
- ✓ आफ्नो ईलाका भित्र आर्थिक कारोबार गर्ने कार्यालयहरु महालेखा नियन्त्रक कार्यालयको परामर्शमा कार्यालयहरुलाई संकेत नम्बर दिने कार्यालयहरुको लगत अद्यावधिक राख्ने,
- ✓ कार्यालयबाट आर्थिक कारोबारका विवरण लिई जिल्लाको एकिकृत वित्तीय विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालयमा पठाउने,
- ✓ प्रचलित कानून र महालेखा नियन्त्रक कार्यालयले तोके बमोजिम त्रैमासिक रुपमा आन्तरिक लेखापरीक्षण गर्ने र प्रतिवेदन गर्ने,
- ✓ जिल्ला स्थित कार्यालयहरुलाई दिईएको निकासा रकमको अभिलेख राख्ने,
- ✓ राजस्व, धरौटी, विनियोजन एवं अन्य कोष सम्बन्धी भएका कारोबार लगायत नगद मौज्दात र बेरुजु फर्स्यौटका सम्बन्धमा आवश्यकता अनुसार निरिक्षण गरी त्यस्तो प्रतिवेदन महालेखा नियन्त्रक कार्यालय र सम्बन्धित कार्यालयका केन्द्रीय निकायमा पठाउने,
- ✓ निरीक्षण गर्दा स्रेस्ता दुरुस्त नराखेको वा हिनामिना गरेको वा प्रतिवेदन नगरेको वा आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ तथा नियमावली, २०७७ अनुसार काम नगरेको

पाईएमा आर्थिक कारोबारो तथा भुक्तानी निकासा रोक्का राखी सम्बन्धित तालुक कार्यालयमा जानकारी गराउने,

- ✓ महालेखा नियन्त्रक कार्यालयको प्रतिनिधिको रुपमा प्रदेश तथा स्थानीय सन्चित कोषको संचालन लेखाकंन प्रतिवेदन खाता संचालन सम्बन्धमा आवश्यक समन्वय सहजिकरण गर्ने,
- ✓ आर्थिक प्रशासन सम्बन्धी विषयमा सम्बन्धित कार्यालयहरुलाई आवश्यक राय परामर्श उपलब्ध गराउने,
- ✓ कानुनमा व्यवस्था भएका विभिन्न समितिहरुमा कार्यालयको तर्फबाट प्रतिनिधित्व र सम्बन्धित कार्यहरु गर्ने,
- ✓ महालेखा नियन्त्रक कार्यालयले समय समयम तोकेका अन्य कार्यहरु गर्ने।

## ३. कोष तथा लेखा नियन्त्रक कार्यालय सुर्खेतको संगठनात्मक चार्ट र कार्यविवरणः-

### ३.१ संगठन संरचना




### ३.२ कोष तथा लेखा नियन्त्रक कार्यालयको शाखागत कार्य विवरण :

**क) प्रशासन,निवृत्तिभरण तथा अन्तर सरकारी वित्त समन्वय शाखाः**

- ❖ कार्यालयको बजेट तयारी तथा आर्थिक प्रशासन संचालन गर्ने,
- ❖ कार्यालयको आन्तरिक तथा अन्तिम लेखापरीक्षण गराउने,
- ❖ कार्यालयको बेरुजुको लगत राख्ने ,सम्परीक्षण, फछ्यौंट र प्रतिवेदन गर्ने,
- ❖ कार्यालयको कर्मचारी प्रशासन सम्वन्धी कार्य गर्ने,

- आफ्नो क्षेत्रभित्रका आर्थिक कारोवार गर्ने कार्यालयहरुको लगत तयारी तथा अध्यावधिक गर्ने,
- महालेखा नियन्त्रक कार्यालयको प्रतिनिधिको रुपमा जिल्लाका कार्यालयहरुको आर्थिक कारोवारहरुको रेखदेख निरीक्षण गर्ने, कार्यालयहरुलाई महालेखा नियन्त्रक कार्यालयको नीति निर्देशन र प्रचलित कानुनको अधिनमा रही राय सल्लाह दिने,
- निवृत्तभरण व्यवस्थापन सम्वन्धी कार्य गर्ने,
- ई-पेन्सन सेवा सम्बन्धी कार्य गर्ने,
- संघीय सरकारले प्रदेश तथा स्थानीयलाई दिने अनुदान रकमको वित्तीय हस्तान्तरणको गर्ने,
- प्रदेश सरकार र स्थानीय तहको वित्तीय प्रणालीहरु संचालनमा समन्वय र सहयोग गर्ने
- प्रदेश तथा स्थानीय तहको वित्तीय व्यवस्थापन सम्वन्धमा संघीय सरकारबाट भएको निर्णय निर्देशन र मार्गदर्शन संचार तथा कार्यान्वयन गर्न समन्वयात्मक भुमिका निर्वाह गर्ने,
- प्रदेश र स्थानीय तहको वित्तीय प्रतिवेदन तयार तथा संकलन गर्न समन्वय तथा सहयोग गर्ने,
- आर्थिक कारोबारका प्रणालीहरु संचालनमा सहयोग र सहजिकरण कार्य गर्ने।

**ख. कोष ब्यवस्थापन शाखाः**

- महालेखा नियन्त्रक कार्यालयबाट तोकिए बमोजिम नेपाल सरकारका खर्च खाताहरु संचालन गरी सरकारी कोष संचालन गर्ने,
- राजस्व लेखा र दाखिला तथा धरौटी लेखा फछ्यौंट सम्वन्धमा आवश्यकता अनुसार कार्यालयको निरीक्षण गरी सो को प्रतिवेदन महालेखा नियन्त्रक कार्यलयमा र सम्वन्धित कार्यालयको तालुक विभागमा पठाउने,
- कार्यालयको निरीक्षण गर्दा कुनै कैफियत पाईएमा निकासा रोक्का गरी तालुक कार्यालयमा जानकारी दिने,
- जिल्लास्थित कार्यालयहररुले गरेको विनियोजन राजस्व धरौटी विविध तथा र अन्य कोषहरुको कारोबारको सम्बन्धमा जिल्लाको एकिकृत विवरण तयार गरी महालेखा नियन्त्रक कार्यालयमा पेश गर्ने।

**ग. आन्तरिक लेखा परीक्षण शाखाः**

- वार्षिक आन्तरिक लेखापरीक्षण कार्य योजना तयार गरी स्वीकृत गराउने,
- स्वीकृत कार्ययोजना अनुसार आन्तरिक लेखापरीक्षण योजना तयार गरी त्रैमासिक रुपमा जिल्ला स्थित संघीय सरकारी कार्यालयहरुको राजस्व, विनियोजन, धरौटी, जिन्सी र प्रचलित कानुन बमोजिम खडा भएको कार्यसंचालन कोषको नियमितता मितव्ययीता कार्यदक्षता र प्रभावकारीताका आधारमा आन्तरिक लेखापरीक्षण गर्ने, सम्वन्धित प्रदेश सरकार तथा स्थानीय तहबाट अनुरोध भई आएमा जिल्लास्थित प्रदेश र स्थानीय तहका कार्यालयहरुको आन्तरिक लेखा परीक्षण गर्ने,

- त्रैमासिक रुपमा सम्पन्न गरेको आन्तरिक लेखापरीक्षण प्रतिवेदन तयार षरी सम्वन्धित निकाय तालुक विभाग र मन्त्रालय तथा महालेखा नियन्त्रक कार्यालयमा पेश गर्ने,
- आन्तरिक लेखापरीक्षण गर्दा आन्तरिक नियन्त्रण प्रणालीको पर्याप्तताको मूल्यांकन गरी प्रतिवेदन गर्ने,
- आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको बेरजु फर्छ्यौटको अवस्थाको जाँच गरी प्रतिवेदन गर्ने,
- आन्तरिक लेखापरीक्षण गर्दा देखिएको गंभिर त्रुटी, अनियमितता, मस्यौट वा हिनामिनाको तत्काल कोष तथा लेखा नियन्त्रक कार्यालयका प्रमुख, विभागीय प्रमुख तथा सम्वन्धित सचिवलाई प्रतिवेदन गर्ने,
- आन्तरिक लेखापरीक्षणको वार्षिक प्रतिवेदन तयार गरी आर्थिक वर्ष समाप्त भएको २ महिना भित्र महालेखा नियन्त्रक कार्यालयमा पेश गर्ने।

### ३.३ स्वीकृत दरबन्दी र पदपूर्तिको विवरण :

| क्र.सं. | पदको नाम | श्रेणी | स्वीकृत संख्या | पदपुर्ति संख्या | रिक्त संख्या | पदपूर्तिको किसिम |
|---|---|---|---|---|---|---|
| १ | प्रमुख कोष नियन्त्रक | रा.प. द्धितीय | १ | १ | ० | स्थायी |
| २ | कोष नियन्त्रक | रा.प. तृतिय | १ | १ | ० | स्थायी |
| ३ | आन्तरिक लेखापरीक्षण अधिकृत | रा.प. तृतिय | १ | १ | ० | स्थायी |
| ४ | लेखापाल | रा.प.अनं.प्रथम | २ | ४ | ० | स्थायी |
| ५ | आन्तरिक लेखापरीक्षक सहायक | रा.प.अनं. प्रथम | २ | २ | ० | स्थायी |
| ६ | कम्युटर अपरेटर | रा.प.अन.प्रथम | १ | १ | ० | स्थायी |
| ७ | ह.स.चा. | श्रेणि विहिन | १ | १ | ० | करार |
| ८ | कार्यालय सहयोगी | श्रेणि विहिन | ३ | ३ | ० | १ स्थायी |
| जम्मा | | | ० | | | |

### ३.४ कार्यरत कर्मचारीहरु:-

| क्र.सं. | नाम, थर | पद | श्रेणी | फोन नम्बर | जिम्मेवार शाखा |
|---|---|---|---|---|---|
| १ | मदन मगराती | प्रमुख कोष | रा.प. तृतीय | ९८५८०५३११० | |
| २ | लक्ष्मी विष्ट | कोष नियन्त्रक | रा.प. तृतीय | ९८६०३४१७७६ | प्रशासन, कोष व्यवस्थापन तथा निवृत्तभरण शाखा |

| | | | | | |
|---|---|---|---|---|---|
| ३ | विजय राज चन्द | आन्तरिक लेखापरिक्षण अधिकृत | रा.प. तृतीय | ९८४९९०६०२६ | आन्तरिक लेखापरीक्षण शाखा |
| ४ | बासुदेव गौतम | आ.ले.प. सहायक | रा.प.अनं.प्रथम | ९८५८०६६६६८ | आन्तरिक लेखापरीक्षण शाखा |
| ५ | मान बहादुर बुढा | आ.ले.प. सहायक | रा.प.अनं.प्रथम | ९८४८००८४९९ | आन्तरिक लेखापरीक्षण शाखा |
| ६ | धनसरा राना | लेखापाल | रा.प.अनं प्रथम | ९८५८०५१९२२ | आर्थिक प्रशासन र अन्तर सरकारी वित्त समन्वय शाखा |
| ७ | भवानी अधिकारी | लेखापाल | रा.प.अनं प्रथम | ९८४८०४८५२६ | कोष व्यवस्थापन शाखा |
| ८ | अमृत प्याकुरेल | लेखापाल | रा.प.अनं प्रथम | ९८५८०५१७७७ | कोष व्यवस्थापन शाखा |
| ९ | पवन उपाध्याय | लेखापाल | रा.प.अनं प्रथम | ९८६८९३१९८५ | निवृत्तभरण व्यवस्थापन शाखा |
| १० | सुरज श्रेष्ठ | कम्प्युटर अपरेटर | रा.प.अनं प्रथम | ९८४८०४०१४३ | निवृत्तभरण व्यवस्थापन शाखा |
| ११ | रोशन दहित | ह.स.चालक | श्रेणी विहिन | ९८४४८३७३१६ | |
| १२ | सुरेन्द्र बहादुर | कार्यालय सहयोगी | श्रेणी विहिन | ९८६८२७५०५४ | |
| १३ | ईश्वरी प्रसाद | कार्यालय सहयोगी | श्रैणी विहिन | ९८४२२०४६०५ | |
| १४ | विमल रावल | कार्यालय सहयोगी | श्रैणी विहिन | ९८६०२५४४९० | |

**३.५ निर्णय उपर उजुरी सुन्ने अधिकारी : प्रमुख कोष नियन्त्रक**

**३.६ सूचना अधिकारी र प्रमुखको नाम र पद :**

सूचना अधिकारी : कोष नियन्त्रक श्री लक्ष्मी विष्ट
सम्पर्क नं. ९८५८०५४११०
ईमेल : meelax29@gmail.com

कार्यालय प्रमुख : प्रमुख कोष नियन्त्रक श्री मदन मगराती
सम्पर्क नं. ९८५८०५३११०
ईमेल : surkhet.chief@fcgo.gov.np

कार्यालयको वेवसाईट : www.dtcosurkhet.fcgo.gov.np

कार्यालयको ईमेल : surkhet.dtco@fcgo.gov.np

कार्यालयको सम्पर्क नं : ०८३-५२०२७०

## ४. कोष तथा लेखा नियन्त्रक कार्यालयबाट प्रदान गरिने सेवाहरु तथा कार्यहरुः-

कोष तथा लेखा नियन्त्रक कार्यालय नागरिकका दैनिक कामहरुसंग प्रत्यक्ष सरोकार राख्ने कार्यालय होईन। सेवानिवृत भएका राष्ट्रसेवकहरुको पेन्सन सम्बन्धी सिमित प्रशासनिक कार्य बाहेक नागरिकसंग प्रत्यक्ष सरोकार राख्ने कार्यहरु यस कार्यालयबाट सम्पादन हुदैनन्। अतः सर्वसाधरण नागरिकहरु यस कार्यालयका सेवाग्राही नभईकन जिल्लास्थित सरकारी कार्यालयहरु यस कार्यालयका सेवाग्राही हुन्। कानून बमोजिम तथा यस कार्यालयले आफ्ना सेवाग्राहीलाई देहायका सेवा प्रदान गर्ने गरेको छ ।

**<u>नियमित कामहरुः</u>**

- कार्यालयको स्वीकृत बजेट अनुसार सम्बन्धित कार्यालयको भुक्तानी आदेश अनुसार भुक्तानी निकासा गर्ने,
- जिल्लास्थित कार्यालयले आर्थिक प्रशासनका बिषयमा लिखित राय माग गरेमा प्रचलित कानूनको अधीनमा रही राय प्रदान गर्ने,
- कार्यालयले तयार गरेको वित्तीय विवरणहरुको शुद्धता जाँच गरी वित्तीय विवरणहरु प्रमाणित गर्ने,
- आन्तरिक लेखापरीक्षणको माध्यमबाट कार्यालयलाई सुधारका सुझावहरु प्रदान गर्ने,
- आर्थिक कारोबार तथा आर्थिक प्रशासन संचालनका बिषयमा भएका समसमायिक बिषयमा कार्यालयहरुलाई सूचित गराउने,
- कानून बमोजिम कार्यालयहरुको बार्षिक तलबी प्रतिवेदन पारित गर्ने,
- आर्थिक कारोबारको संचालनका सम्बन्धमा लागु भएका प्रणालीहरुको प्रयोगका लागि क्षमता विकासका तालिमहरु संचालनको समन्वय गर्ने,
- प्रणाली प्रयोगका लागि अन्य कार्यायहरुलाई सहजिकरण गर्ने।

**<u>निवृत्तिभरण सम्बन्धी कामः</u>**

- परिवारिक निवृत्तिभरण अधिकारपत्र जारी गर्ने,
- निजामती तर्फ e-Pension सम्बन्धी कार्य गर्ने,
- निवृत्तिभरण अधिकारपट्टाको प्रतिलिपी दिने,
- निवृत्तिभरण रकमको हिसाब मिलान,
- निवृत्तिभरणको खाता बन्द गर्ने र हिसाब मिलान,
- तोकिएको उमेर ७५ वा ८५ वर्ष पुगे पछि थप पाउने रकम हिसाब गरी बैंकलाई पत्रचार गर्ने।

## ५. सुर्खेत जिल्लामा रहेका संघीय कार्यालयहरु र स्थानीय तहहरु:

### ५.१ यस कार्यालयको कार्यक्षेत्र भित्र रहेका कार्यालयहरु:

| जिल्ला स्थित संघीय सरकारी कार्यालयहरुको नामावलीः- | | | |
|---|---|---|---|
| **क्र.सं.** | | **अन्तर्गत कार्यालयका नामहरु** | **ठेगाना** |
| १ | **संवैधानिक अंग तर्फ** | उच्च अदालत | सुर्खेत |
| २ | | सुर्खेत जिल्ला अदालत | सुर्खेत |
| ३ | | अख्तियार दुरुपयोग अनुसन्धान आयोगको कार्यालय | सुर्खेत |
| ४ | | लोक सेवा आयोग, सुर्खेत कार्यालय | सुर्खेत |
| ५ | | प्रदेश निर्वाचन कार्यालय | सुर्खेत |
| ६ | | राष्ट्रिय मानवअधिकार आयोग | सुर्खेत |
| | | **जम्मा कार्यालय संख्या : ६** | |
| ७ | **प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय तर्फ** | उच्च सरकारी वकिल कार्यालय | सुर्खेत |
| ८ | | जिल्ला सरकारी वकिल कार्यालय | सुर्खेत |
| ९ | | तथ्यांक समन्वय कार्यालय | सुर्खेत |
| | | **जम्मा कार्यालय संख्याः ३** | |
| १० | **प्रदेश प्रमुख तर्फ** | प्रदेश प्रमुखको कार्यालय सुर्खेत | सुर्खेत |
| | | **जम्मा कार्यालय संख्याः १** | |
| ११ | **अर्थ मन्त्रालय तर्फ** | कोष तथा लेखा नियन्त्रक कार्यालय | सुर्खेत |
| १२ | | आन्तरिक राजश्व कार्यालय | सुर्खेत |
| | | **जम्मा कार्यालय संख्याः २** | |
| १३ | **गृह मन्त्रालय तर्फ** | जिल्ला प्रशासन कार्यालय | सुर्खेत |
| १४ | | राष्ट्रिय अनुसन्धान कर्णाली प्रदेश कार्यालय | सुर्खेत |
| १५ | | राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय | सुर्खेत |
| १६ | | ईलाका प्रशासन कार्यालय | बाबियाचौर, सुर्खेत |
| १७ | | ईलाका प्रशासन कार्यालय मेहेलकुना | सुर्खेत |
| १८ | | कारागार कार्यालय | सुर्खेत |
| १९ | | कर्णाली प्रदेश प्रहरी कार्यालय | सुर्खेत |
| २० | | कर्णाली प्रदेश प्रहरी गण | सुर्खेत |
| २१ | | कर्णाली प्रदेश प्रहरी अस्पताल | सुर्खेत |
| २२ | | नेपाल प्रहरी राजमार्ग सुरक्षा तथा ट्राफिक व्यवस्थापन कार्यालय | सुर्खेत |
| २३ | | जिल्ला ट्राफिक कार्यालय | सुर्खेत |
| २४ | | जिल्ला प्रहरी कार्यालय | सुर्खेत |
| २५ | | ईलाका प्रहरी कार्यालय | बाबियाचौर, सुर्खेत |
| २६ | | ईलाका प्रहरी कार्यालय | छिन्चू, सुर्खेत |

| | | | |
|---|---|---|---|
| २७ | | ईलाका प्रहरी कार्यालय | लेकवेशी, सुर्खेत |
| २८ | | ईलाका प्रहरी कार्यालय | बादेपिपल, सुर्खेत |
| २९ | | कर्णाली प्रदेश प्रहरी विद्यालय | सुर्खेत |
| ३० | | सशस्त्र प्रहरी बल नेपाल, बाहिनी मुख्यालय सुर्खेत नं. ६ बाहिनी | बाङ्गेसिमल, सुर्खेत |
| ३१ | | सशस्त्र प्रहरी बल नेपाल, रक्तकाली गण हेडक्वार्टर सुर्खेत नं. ३२ गण | बाङ्गेसिमल, सुर्खेत |
| ३२ | | मद्दती तथा सेवा गुल्म | सुर्खेत |
| | | **जम्मा कार्यालयसंख्याः २०** | |
| ३३ | **रक्षा मन्त्रालय तर्फ** | काली बहादुर गण | सुर्खेत |
| ३४ | | उत्तर पश्चिम पृतना ई.एम.ई.गण | सुर्खेत |
| ३५ | | उत्तर पश्चिम तालिम शिक्षालय | सुर्खेत |
| ३६ | | विनायक दल गण | सुर्खेत |
| ३७ | | मकर गण | सुर्खेत |
| ३८ | | श्री नं.४ फिल्ड एम्बुलेन्स गुल्म | सुर्खेत |
| ३९ | | श्री नं.१ राजदल गण | एयरपोर्ट, सुर्खेत |
| ४० | | काली दल | सुर्खेत |
| ४१ | | पश्चिम एयरवेश | एयरपोर्ट, सुर्खेत |
| ४२ | | उत्तर पश्चिम पृतना हेडक्वाटर | सुर्खेत |
| ४३ | | उत्तर पश्चिम पृतना स्थपति सेवा | सुर्खेत |
| ४४ | | सैनिक आवासीय महाबिद्यालय | सुर्खेत |
| ४५ | | त्रिपुरा दल | सुर्खेत |
| | | **जम्मा कार्यालय संख्याः १३** | |
| ४६ | **भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय तर्फ** | मालपोत कार्यालय | सुर्खेत |
| ४७ | | नापी कार्यालय | सुर्खेत |
| ४८ | | मालपोत कार्यालय | मेहेलकुना |
| ४९ | | नापी कार्यालय | मेहेलकुना |
| | | **जम्मा कार्यालय संख्याः ४** | |
| ५० | **कृषि तथा पशुपन्छी विकास मन्त्रालय तर्फ** | पशुपंक्षी रोग अन्वेषण प्रयोगशाला | सुर्खेत |
| ५१ | | खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय | सुर्खेत |
| ५२ | | कार्यक्रम कार्यान्वयन इकाई | सुर्खेत |
| ५३ | | कृषि अनुसन्धान निर्देशनालय | सुर्खेत |
| | | **जम्मा कार्यालयसंख्याः ४** | |
| ५४ | **सञ्चार तथा सूचना प्रविधि मन्त्रालय तर्फ** | हुलाक निर्देशनालय | सुर्खेत |
| | | **जम्मा कार्यालय संख्याः १** | |
| ५५ | **संघीय मामिला तथा** | जिल्ला समन्वय समितिको कार्यालय | सुर्खेत |

| | | | |
|---|---|---|---|
| | स्थानीय विकास मन्त्रालय तर्फ | **जम्मा कार्यालय संख्याः १** | |
| ५६ | **उद्योग,वाणिज्य तथा आपूर्ति मन्त्रालयतर्फ** | भूकम्प मापन केन्द्र | सुर्खेत |
| ५७ | | नापतौल तथा गुणस्तर कार्यालय | सुर्खेत |
| | | **जम्मा कार्यालय संख्याः २** | |
| ५८ | **शिक्षा,विज्ञान तथा प्रविधि मन्त्रालय तर्फ** | सुर्खेत मेडिकल कलेज पूर्वाधार विकास आयोजना | सुर्खेत |
| ५९ | | शिक्षाविकास तथा समन्वय ईकाइ | सुर्खेत |
| ६० | | राष्ट्रिय विधि विज्ञान प्रयोगशाला | सुर्खेत |
| | | **जम्मा कार्यालय संख्याः ३** | |
| ६१ | **भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय तर्फ** | सडक डिभिजन कार्यालय | सुव्वाकुना, सुर्खेत |
| ६२ | | संघीय सडक सुपरिवेक्षण तथा अनुगमन कार्यालय | सुर्खेत |
| ६३ | | मदन भण्डारी राजमार्ग आयोजना | सुर्खेत |
| ६४ | | पुल सेक्टर आयोजना | सुर्खेत |
| | | **जम्मा कार्यालय संख्याः ४** | |
| ६५ | **शहरी विकास मन्त्रालय तर्फ** | शहरी विकास तथा भवन निर्माण विभाग, संघीय आयोजना कार्यान्वय ईकाइ | सुर्खेत |
| ६६ | | नयाँ शहर आयोजना भेरिगंगा | मेहेलकुना सुर्खेत |
| ६७ | | स्थानीय पूर्वाधार विकास आयोजना | सुर्खेत |
| | | **जम्मा कार्यालय संख्याः ३** | |
| ६८ | **श्रम,रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालयतर्फ** | श्रम तथारोजगार कार्यालय | सुर्खेत |
| | | **जम्मा कार्यालय संख्याः १** | |
| ६९ | **उर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालय तर्फ** | भेरी बबई डाईभर्सनवहुउद्देश्यीय आयोजना | सुर्खेत |
| ७० | | भेरी करिडोर सिचाइ तथा नदी व्यवस्थापन आयोजना | बोटेचौर |
| ७१ | | नदी बेसिन कार्यालय | सुर्खेत |
| ७२ | | जल तथा मौसम विज्ञान कार्यालय | सुर्खेत |
| | | **जम्मा कार्यालय संख्याः ४** | |
| ७३ | **खानेपानी मन्त्रालय तर्फ** | खानेपानी तथा ढल व्यवस्थापन आयोजना | सुर्खेत |
| ७४ | | आयोजना कार्यान्वयन इकाई वीरेन्द्रनगर | |
| | | **जम्मा कार्यालय संख्याः२** | |
| ७५ | **स्थानीय तह तर्फ** | चौकुने गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय | चौकुने |
| ७६ | | पञ्चपुरी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय | बाबियाचौर |
| ७७ | | बराहताल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय | बड्डीचौर |
| ७८ | | वीरेन्द्रनगर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय | वीरेन्द्रनगर |
| ७९ | | चिङगाड गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय | चिङगाड |

| | | | |
|---|---|---|---|
| ८० | | लेकबेशी नगरपालिका, नगर कार्यपालिकाको कार्यालय | कल्याण |
| ८१ | | भेरीगङगा नगरपालिका, नगर कार्यपालिकाको कार्यालय | छिन्चु |
| ८२ | | गुर्भाकोट नगरपालिका, नगर कार्यपालिकाको कार्यालय | मेहेलकुना |
| ८३ | | सिम्ता गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय | सिम्ता |
| | | **जम्मा कार्यालय संख्याः ९** | |
| कुल जम्मा कार्यालय संख्याः ८३ | | | |
| पुनश्चः मिति २०८२/१२/३० गते सम्म अद्यावधिक गरिएको । | | | |

**६ .चैत्र मसान्तसम्म सम्पादित कार्यहरुः**

**६.१ भुक्तानी निकासा :**

जिल्ला स्थित विभिन्न संघीय कार्यालयहरुलाई आ.व ०८२।८३ को चैत्र मसान्तसम्म देहाय अनुसार भुक्तानी निकासा गरिएको छ ।

**आ.व.२०८२/२०८३ को चैत्र मसान्त सम्मको विनियोजन भएको बजेट र निकासा तथा खर्च:**

| बजेटको प्रकार | बार्षिक बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|
| चालु | २८,२९७,८७९,२७५ | १७,२४८,८९२,४७८ | ६०.९५ |
| पुँजिगत | १०,२२२,६०८,६०९ | ३,५३०,२११,०२२ | ३४.५३ |
| जम्मा | ३८,५२०,४८७,८८४ | २०,७७९,१०३,५०० | ५३.९४ |

**६.२ वित्तीय हस्तान्तरण**

**६.२.१. आ.व.२०८२/२०८३ को चैत्र मसान्तसम्म स्थानीय तहलाई गरिएको वित्तीय हस्तान्तरणको अवस्था (रु हजारमा)**

| अनुदानको प्रकार | बार्षिक बजेट | हस्तान्तरण भएको रकम | हस्तान्तरण प्रतिशत |
|---|---|---|---|
| समानीकरण | ११५८५०० | ७२७३४५ | ६२ |
| समपुरक अनुदान | १०११०० | ९५५० | ९.४ |
| विशेष अनुदान | १२०२०० | २४०५८ | २० |
| सशर्त अनुदान | ४२१८३४० | २८९३२०७ | ६८ |
| **जम्मा** | **५५९८१४०** | **३६५४१६०** | **६५** |

**६.२.२ आ.व.२०८२/२०८३ को चैत्र मसान्तसम्म कर्णाली प्रदेश सरकारलाई गरिएको वित्तीय हस्तान्तरणको अवस्था (रु हजारमा):-**

| अनुदानको प्रकार | बार्षिक बजेट | हस्तान्तरण भएको रकम | हस्तान्तरण प्रतिशत |
|---|---|---|---|
| समानीकरण अनुदान | १०५६०४०० | ७४३७६८९ | ७० |
| समपुरक अनुदान | ५३९७०० | १८८८९५ | ३५ |
| विशेष अनुदान | २३७६०० | ८३३९७ | ३५ |
| सशर्त अनुदान | ४६२८००० | ११०८४३५ | २४ |
| जम्मा | १५९६५७०० | ८८१८४१६ | ५५ |

### ६.२.३ आ.व.२०८२/२०८३ को चैत्र मसान्तसम्म अर्थ विविध रकमान्तर गरी अख्तियारी कायमको अवस्था

**(रु हजारमा):-**

| बजेट उपशिर्षक | रकम |
|---|---|
| उपदान | ६७०७.०२ |
| संचित बिदा | ११७५९४.८१५ |
| औषधी उपचार | १५१३७७.६९८ |

### ६.३ आ.व. २०८२/०८३ को माघ देखि २०८२ चैत्र मसान्तसम्म निवृत्तभरण शाखाबाट सम्पादन भएका कामको विवरण:-

**क. पारिवारिक निवृत्तीभरण तर्फ सम्पादन भएका कामको विवरणः**

१. निजामती तर्फः ५ जना

२. प्रहरी तर्फः ५ जना

३. नेपाली सेना तर्फः १ जना

**ख. निवृत्तीभरण अधिकार पत्रको प्रतिलिपी प्रदान तर्फ सम्पादन भएका कामको विवरणः**

१. निजामती तर्फः ८ जना

२. प्रहरी तर्फः ५ जना

**ग. ६० /७५/८५ वर्षे थप सुविधा तर्फ सम्पादन भएका कामको विवरणः**

१. निजामती तर्फः १२ जना

२. शिक्षक तर्फः २ जना

३. प्रहरी तर्फः ३ जना

४. नेपाली सेना तर्फ: ७ जना

### ६.४ तलवी प्रतिवेदन पारित:-

कोष तथा लेखा नियन्त्रक कार्यालय सुर्खेतबाट आ व २०८२।०८३ को साउन देखी २०८२ साल चैत्र मसान्तसम्म सुर्खेत जिल्लामा रहेका ८३ कार्यालय मध्ये (पारित गर्नु पर्ने ७२ कार्यालय) यस अवधिमा तलवी प्रतिवेदन पारित गर्नका लागि पेश भएका कार्यालय मध्ये ६७ वटा कार्यालयको तलवी प्रतिवेदन पारित भएको छ ।

### ६.५ आन्तरिक लेखा परीक्षण :

कोष तथा लेखा नियन्त्रक कार्यालय सुर्खेतबाट यस अवधिमा ७३ वटा कार्यालयको दोस्रो त्रैमासिक आन्तरिक लेखा परिक्षण सम्पन्न भएको छ ।

**६.६ अन्य सम्पादित कार्यहरु :**

- जिल्ला स्थित सरकारी कार्यालयका आर्थिक प्रशासन शाखामा कार्यरत कर्मचारीहरु बिच बजेट कार्यान्वयनको अवस्था र सफ्टवेयर सञ्चालनमा देखिएका समस्या छलफल सम्बन्धी कार्यक्रम सम्पन्न गरिएको।
- कोष तथा लेखा नियन्त्रक कार्यालय बाट e-Pension कार्य निजामती तर्फ सुरुवात भई २ जना सेवाग्राहीलाई सेवा प्रदान गरिएको।

**७.सुर्खेत जिल्ला स्थित संघीय कार्यालयमा कार्यरत लेखा समूहका कर्मचारीको पदपूर्तिको विवरण**

| क्र.सं. | पदको विवरण | दरवन्दी | पदपूर्ति | रिक्त | कैफियत |
|---|---|---|---|---|---|
| १ | उपसचिव | २ | १ | १ | भेरी बबई बहुउद्देश्य डाइभर्सन |
| २ | लेखा अधिकृत | ९ | ९ | ० | |
| ३ | लेखापाल | ३२ | ३२ | ० | कोष तथा लेखा नियन्त्रक कार्यालयमा १ जना लेखापाल फाजिल र १ जना राष्ट्रिय परीक्षा बोर्डमा कार्यरत |
| ४ | सह-लेखापाल | ८ | ८ | ० | |
| **जम्मा** | | **५१** | **५०** | **१** | |